पाँच वडा रहेको इन्द्रसरोवरको गाउँसभा ३ वडाले बहिष्कार गरे । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७५३३००
इमेलः
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-०१ ● २०८० साउन ०१ गते सोमबार, ● 17 July, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## एसइईमा रायमाझी

# थाहानगरकै उत्कृष्ट



◆ विकास संवाददाता

थाहानगरको हिमालयन इङ्लिस बोर्डिङ स्कूलले २०७९ को माध्यमिक शिक्षा परीक्षा (एसइई)मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ । बोर्डिङले एक कार्यक्रमको आयोजना गरी विद्यालयबाट एसइई २०७९ को परीक्षामा थाहा नगरभरीकै सबैभन्दा बढि जिपिए ३.९ ल्याउने परिक्षित रायमाझी र ३.६५ जिपिए ल्याउने निरूता रायमाझीलाई सम्मान गरिएको प्रधानाध्यापक बाबुलाल कार्कीले जानकारी दिए ।

नगर उत्कृष्ट हुने परिक्षित रायमाझीलाई नगद १० हजार ५ सय र निरूता रायमाझीलाई नगद ५ हजार ५ सय र सम्मानपत्र सहित विद्यालयले सम्मान गरेको हो । हिमालयनबाट एसइईमा ३४ जना विद्यार्थी सहभागी थिए । त्यसैगरी विद्यालयले कक्षा ८ को नगरस्तरिय परिक्षामा नगर दोस्रो र तेस्रो हुने विद्यार्थी अरबिन कुमार कार्की र प्रनिसा केसीलाई समेत सम्मान गरेको छ । नगरस्तरीय परीक्षा कक्षा ८ मा उत्कृष्ट जिपिए ल्याउने दुबै विद्यार्थीलाई आंशिक छात्रवृत्ति र सम्मान पत्र सहित सम्मानित गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक बाबुलाल कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यता तथा विद्यालयका संस्थापक सानोभाइ कार्कीको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रमको अवसरमा उत्कृष्ट हुने विद्यार्थीका अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

# पालुङ क्याम्पसका ८ विद्यार्थीलाई जिससको छात्रवृत्ति

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले थाहा नगरपालिकामा रहेको पालुङ बहुमुखी क्याम्पसका आठ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । जिसस मकवानपुरले हेटौंडामा एक कार्यक्रमको आयोजना गरी छात्रवृत्ति वितरण गरेको हो ।

छात्रवृत्ति पाउने पालुङ बहुमुखी क्याम्पसका विद्यार्थीहरूमा एलिना मोक्तान, सविता अधिकारी, देवनाथ वाईबा, सरू थोकर, सुनिता भट्ट, खुशी थोकर, पुष्पा पाख्रिन र रोजिना बलामी रहेका छन् ।



उनीहरूलाई प्रतिविद्यार्थी ९ हजार रूपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको थियो ।

जिल्ला समन्वय समिति मकवानपुरले मकवानपुरका आठ सामुदायिक क्याम्पसमा स्नातक र स्नातकोत्तर तह अध्ययनरत ४४ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो ।

# तीन स्थानीय तहले गरे समयमै भुक्तानी

## [ थाहानगर अग्रस्थानमा ]

विकास संवाददाता
थाहानगर

मकवानपुरका १० वटा स्थानीय तहमध्ये ३ वटा पालिकाले काम सम्पन्न हुन नसकेका योजना बाहेकको हकमा २४ असार भित्र योजना र कार्यक्रमको खर्चअनुसार भुक्तानी निकासा बन्द गरिसकेका छन् । जिल्लाको ७ वटा पालिकाले भने समयमै फाइल नल्याएका कारण र २४ असारमा सुत्रप्रणालीलाई देखाएर भुक्तानी दिन सकेका छैनन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधानलाई ७ पालिकाले अक्षरसः पालना गर्न नसकेका हुन् । चालू आर्थिक वर्षमा बिनियोजित बजेटको खर्च सतप्रतिशत नभएता पनि निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नेमा थाहा नगरपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिका छन् । थाहा नगरपालिकाले २४ असार अगावै भुक्तानी प्रक्रिया टुंग्याइसकेको थाहाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी बताए । उनले १५ असारभित्रै महत्वपूर्ण योजनाको भुक्तानी दिएको र २४ असारमा दिउँसै हिसाब मिलान गरिसकेको जानाकरी दिए । 'हामीले १५ असारमै सबै काम सक्ने योजना बनाएर काम गरेका थियौं । जसकारण २४ असारको सुत्रप्रणाली बन्दको चिन्ता हामीलाई भएन् । काम सम्पन्न हुन नसकेको बाहेक सबै खर्चको भुक्तानी भइसकेको छ । सम्भवतः २४ असार अगाडि नै भुक्तानी दिएर फरफारक गरिसक्ने थाहा नगरपालिका देशमै पहिलो होला ।'– गिरीले भने । थाहा नगरपालिकाले चालु आर्थिक वर्षमा ८० दशमलव ५९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको लेखा अधिकृत हरिबहादुर खपाङ्गी मगरले जानकारी दिए । यो प्रगति गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा १ दशमलव ७९ प्रतिशत बढी हो ।

थाहानगरले चालू आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित १ अर्ब १९ करोड २६ लाख ११ हजार ८ सय ६२ मध्ये ९४ करोड ६७ लाख ३८ हजार ८ सय ५६ रूपैयाँ खर्च भएको लेखा अधिकृत खपाङ्गीमगरले जानकारी दिए । असारको अन्तिम साताअघि भुक्तानीको चाप बढ्ने भएकाले कार्ययोजनासहित भूक्तानी प्रक्रिया अघि बढाइएकोले सफलता हासिल भएको उनले बताए । 'सेड्युल बनाएर काम नगरे अन्तिममा कागजात चेकजाँच र अनुगमनलाई प्रभावकारी बनाउनै सकिन्न ।', लेखा अधिकृत खपाङ्गी मगरको भनाइ थियो ।

यसैगरी, कैलाश गाउँपालिकाको चालु आव २०७९/८० को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमअनुसार सबै भुक्तानी दिइसकेको प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टले जानकारी दिए । उनका अनुसार चालु तर्फ ८५ दखशमलव ९५ प्रतिशत, पुँजिगत तर्फ ६४ दशमलव ०२ प्रतिशत र समग्रमा ७७ दशमलव ३४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको हो । सुत्रप्रणाली मार्फत भुक्तानी कार्य सम्पन्न भएको विष्ट बताउँछन् । बकैया गाउँपालिकाले पनि भुक्तानी कार्य २४ असार भित्रै सकेको हो । तर, बकैयामा योजना नै सम्पन्न नभएका कारण ४(५ वटाको भुक्तानी भने रोकिएको हो । सुत्रप्रणालीका कारण भुक्तानी भने नरोकिएको प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले जानकारी दिए । बकैयाको वित्तीय प्रगति ७९ दशमलव ७३ प्रतिशत छ ।

यसैगरी, भुक्तानी दिन नसक्ने स्थानीय तह हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, राक्सिराङ गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, मनहरी गाउँपालिका, भीमफेदी गाउँपालिका र बागमती गाउँपालिका रहेका छन् । हेटौंडा उपमहानगरले सुत्रप्रणालीमा समस्या आएका कारण भुक्तानी रोकिएको लेखाअधिकृत जेकप श्रेष्ठले बताए । उनले हेटौंडाको अनुमानित ७५ प्रतिशत वित्तीय प्रगति रहेको बताउँदै करिब ४० वटा योजनाको भुक्तानी रोकिएको बताए । राक्सिराङ गाउँपालिकामा सुत्रप्रणालीमा समस्या आउँदा २०–३० लाखको भुक्तानी रोकिएको

> चालू आर्थिक वर्षमा बिनियोजित बजेटको खर्च सतप्रतिशत नभएता पनि निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नेमा थाहा नगरपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिका छन् ।

प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला बताउँछन् । ८० प्रतिशत बढी वित्तीय प्रगति कटाएको राक्सिराङले आगामी आवमा भुक्तानीका लागि दायित्व सार्ने उनले बताए । चालु आवमा ७६ दशमलव ४४ प्रतिशत वित्तीय प्रगति गरेको इन्द्रसरोवर गाउँपालिकामा करिब ५२ लाख रूपैयाँ भुक्तानी रोकिएको छ । लेखा अधिकृत सन्तोष बञ्जाराका अनुसार २१ लाख बजेटको पञ्चकन्या मावि ट्रस निर्माणको भुक्तानी फाइल २४ असार ५ बजेपछि आएको र ३१ लाख बजेटको खानेपानी योजनाको भुक्तानी फाइल २४ असार रातको साढे ११ बजे आएकाले भुक्तानी रोकिएको हो ।

त्यसैगरी ८० दशमलव ६७ प्रतिशत वित्तीय प्रगति गरेको बागमती गाउँपालिकामा पनि भुक्तानी रोकिएको र हिसाब खुल्न बाँकी रहेको सूचना अधिकारी दिनेश गुप्ताले बताए । भीमफेदी गाउँपालिकामा करिब ७५ प्रतिशत वित्तीय प्रगति भएको र करिब १ करोड रूपैयाँ भुक्तानी हुन नसकेर दायित्व सार्नुपर्ने भएको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । ७० दशमलव ७ प्रतिशत वित्तीय प्रगति गरेको मनहरी गाउँपालिकाले १ करोढ बढी रकम भुक्तानी दिन बाँकी रहेको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले जानकारी दिए । मकवानपुरगढी गाउँपालिकामा पनि करिब ५ करोड रूपैयाँ भुक्तानी रोकिएको योजना शाखा प्रमुख प्रकाश न्यौपानेले जानकारी दिए । मकवानपुरगढीले चालु आवमा ६१ प्रतिशत बढी खर्च गरेर ७० प्रतिशत वित्तीय प्रगति हासिल गरेको न्यौपाने बताउँछन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### लम्पी स्किनको नियन्त्रणमा ध्यान खोई

नेपालमा मानिसमा मात्र होइन, पशुपंक्षीमा समेत महामारी देखिने गर्दछ । यसको समयमै नियन्त्रण गर्न नसक्दा ठूलो क्षति हुने गरेको छ । पशु चौपायामा खोरेत, पंक्षीमा वर्डफ्लू जस्ता महामारी देखिने गरेको भए पनि नेपालमा यसपटक फरक र डरलाग्दो प्रकृतिको लम्पी स्किन नामक रोगका कारण ठूलो संख्यामा पशु चौपायाको मृत्यु भएको छ भने त्योभन्दा कैयौं गुणा बढी संख्यामा संक्रमित छन् । गत चैतबाट महामारीको रूप लिएको लम्पी स्किन अझै नियन्त्रणमा आइसकेको छैन । पशु सेवा विभागका अनुसार यो रोग ७७ वटै जिल्लामा फैलिएको छ भने अहिले २८ हजार गाईभैंसी मरिसकेका छन् । सात लाख ८२ हजार गाईभैंसी संक्रमित छन् । अहिलेसम्म ३८ अर्ब ४१ करोडको क्षति भइसकेको छ । संक्रमण दर बढ्दै गए २५ लाख पशु संक्रमित हुने, एक लाख मर्ने र त्यसबाट एक खर्ब ३८ अर्ब रुपैयाँ बराबरको क्षति हुने प्रक्षेपण गरिएको छ । २०७७ असारमा यो रोग देखापरेको थियो । त्यतिबेला दुई महिनाको बीचमा १६ तीन हजार तीन सय एक पशु संक्रमित भए पनि १३ वटा मात्रै मरेका थिए । तर यसपटक भने संक्रमण नियन्त्रणबाहिर गइसकेको छ । सरकारले लम्पी स्किन संक्रमण नियन्त्रणमा प्रभावकारी कदम चाल्न नसक्दा गत चैतदेखि महामारीको रूप लिएको देखिन्छ ।

यो रोगको संक्रमण गाईभैंसी, राँगा, बाच्छाबाच्छी र पाडापाडीमा सर्ने गरेको देखिएको छ । लामखुट्टे, किर्ना, भुसुना, रगत चुस्ने झिँगालगायतको संक्रमणबाट एकबाट अर्को पशुमा सर्ने हुँदा छिटो संक्रमणको दर बढेको देखिन्छ । क्याप्रिपक्स प्रजातिको लम्पी स्किन डिजिज भाइरसका कारण लाग्ने यो रोगको संक्रमण अहिलेसम्म भेडाबाख्रा र मान्छेमा पुष्टि नभए पनि त्यसप्रकारको खतराप्रति समयमै सचेत रहनुपर्ने आवश्यकता छ । पशु चिकित्सकहरुका अनुसार लम्पी स्किन रोग संक्रामक भाइरसबाट सर्ने भएकाले हालसम्म ठ्याक्कै उपचार फेला परेको छैन तर संक्रमणबाट जोगाउन खोप लगाउने र किसान आफैंले गोठमा झिँगा, लामखुट्टे, भुसुना लाग्न नदिने कार्यलाई जोड दिनुपर्ने देखिएको छ । रोग लाग्न नदिन खोप महत्वपूर्ण भए पनि खोपको अभाव देखिन थालेको छ । त्यसो त दूध र मासुमा आत्मनिर्भर बन्दै गएको सन्दर्भमा यो रोग ठूलो संकट र समृद्धिको अवरोधको रुपमा देखा पर्ने निश्चित छ । त्यसैले पनि सरकार यसमा गम्भीर हुन आवश्यक छ ।

नेपालका स्थानीय तहमा पशु चिकित्सक राख्नुपर्ने आवश्यकता बढिरहेको बेला सात सय ५३ मध्ये पाँच सय १६ स्थानीय तहमा पशु चिकित्सक नै नरहेको अवस्था छ । उपलब्ध पशु चिकित्सक पनि संघ र प्रदेशमा थुपारिएको छ । हरेक पालिकामा एक पशु चिकित्सक र पशु स्वास्थ्य प्राविधिकसहितको टोली बनाएर र्‍यापिड रेस्पोन्स टीम खटाउन अब पनि ढिला गर्नु भनेको एक खर्ब ३८ अर्ब रुपैयाँ बराबरको क्षति हुने खतरालाई निम्तो दिएर बस्नु मात्रै हो । गोठमा झिँगा, लामखुट्टे, भुसुना बढ्दा यो रोगको संक्रमण पनि बढ्ने भएकाले किसानलाई सचेत बनाएर पशुको विशेष सुरक्षाका लागि जागरण अभियान नै सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यसका लागि शिक्षक, विद्यार्थी, स्थानीयस्तरका सचेत समूहहरु परिचालन गर्ने नीतिलाई स्थानीय तहले प्रभावकारीरुपमा अघि बढाउनु उत्तिकै आवश्यक छ । यसतर्फ पालिकाहरु गम्भिर हुन आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पर्यटन उद्योगप्रति सरकारको उदासीनता



◆ केशवकुमार श्रेष्ठ

नेपाली अर्थतन्त्रमा एउटा दरिलो खम्बा पर्यटन उद्योग पनि हो । तर राज्यले यसलाई जुन हिसाबले प्राथमिकतामा राख्नुपर्थ्यो त्यो राखेको देखिँदैन । पर्यटन उद्योगलाई राज्यले प्राथमिकता दिन नसक्दा आज मुलुकको अर्थतन्त्र संकटोन्मुख हुन पुगेको सरोकारवालाको बुझाइ छ ।

पर्यटन विकासका लागि तत्कालीन अवस्थामा राजा महेन्द्रले पर्यटन उद्योगको विकासको प्रयास गरेको देखिन्छ । उनले तत्कालीन अवस्थामा होटल व्यवसायमा इन्डो फ्रेन्च मिस्टर चार्ल्सलाई नेपाल बोलाएर होटल व्यवसायको सुरूवाती गराएका थिए । जसलाई सो भ्यु होटलको नामबाट व्यवसाय सुरू गरेका थिए । रेस्टुरेन्ट तथा फास्टफुड व्यवसायका लागि तत्कालीन सोभियत रूसबाट मिस्टर बोरिसलाई बोलाएर बत्तिसपुतलीबाट फास्टफुड तथा रेस्टुरेन्ट व्यवसायको सुरूवात गराएको पाइन्छ । त्यस्तैगरी केही समयपछि नेपालको पर्यटन उद्योग, व्यवसायको सम्भावनालाई मध्यनजर गरी एक युरोपेली नागरिक जो नेपालको लागि अतिप्रिय मानिन्छन्, टोनी हेगनलाई उनले नेपालको सुन्दरतालाई विश्वसामु पुर्‍याएर आकर्षण बढाएर पर्यटनको विकास गर्नुपर्ने योजनासहितको अवधारण प्रस्तुत गरे भने त्यसको सार्थकता दिन डा. हर्क गुरूङ, कर्ण शाक्यजस्ता व्यक्तित्वहरू र राजा महेन्द्रको ज्वाइँ कुमार खड्क विक्रम शाहलगायतको अग्रसरता र प्रयासमा पर्यटन उद्योगको विकास हुँदै आज उनै व्यक्तित्वहरूको अनुशरण गर्दै विभिन्न पर्यटकीय स्थानमा पर्यटकस्तर देखि तारे होटल तथा रिर्सोट सञ्चालनमा रहेको छ । त्यतिमात्रै नभएर यस आर्थिक वर्षमा मात्रै करिब १९/२० अर्ब लगानीमा होटल तथा रिर्सोट खुलेका छन् । मुलुकमा धेरै मात्रामा होटल तथा रिर्सोट, रेस्टुरेन्ट खुलेका छन् र खुल्ने क्रम जारी रहेको छ । पहिलाजस्तो सीमित स्थानमा मात्र पर्यटन तथा होटल व्यवसाय सञ्चालन थियो भने अहिले यसले व्यापक रूप लिएको छ । नेपालको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणले पनि नेपालमा पर्यटन क्षेत्रमा बढोत्तरीको संकेत गरेको पाइन्छ । विश्वभर फैलिएको कोभिड–१९ को महामारीले धेरै हदसम्म विश्व अर्थतन्त्रलाई नै तहसनहस बनाएको बेलामा पर्यटन उद्योगलाई त झनै नराम्रोसँग थला पारेको अवस्था रहेको थियो र अहिले यस पर्यटन उद्योगमा सुधार आइरहेको छ । यो धेरै नै सकारात्मक पक्ष हो ।

तर सरकारको उदासीनता तथा कानुनी झैंझमेलाका कारण केही होटल तथा रिसोर्ट बन्द अवस्थामा पनि रहेको छ । जस्तो सन् १९९० पछि विश्व बैंकको ऋण सहायतामा वित्तीय क्षेत्र सुधार कार्यक्रम भित्र्याइयो । जसमा नेपाल राष्ट्र बैंकको अहिलेको प्रशासनिक संरचना र नेपाल राष्ट्र बैंकको ऐन २०५८ लगायत बैंक तथा वित्तीय संस्था ऐनहरू र सरकारी लगानीका वाणिज्य बैकहरू विदेशी व्यवस्थापनलाई सञ्चालन गर्न र सुधार गर्न जिम्मा लगाएपछि गैरकानुनी रूपले भौतिक स्थिति विपरीत विना अध्ययनअनुसन्धान पर्यटन उद्योगको मुख्य पूर्वाधारको रूपमा रहेको होटलमाथि ऋण असुलीको नाममा धमाधम गला रेट्न थालियो । जसको उदाहरण हो, पोखराको पाँचतारे फूलबारी होटल रिर्सोट । जसलाई दक्षिण एसियाकै अनौंठो, राम्रो, उत्कृष्ट होटलको रूपमा लिइन्थ्यो । त्यस्तो होटललाई तत्कालीन नेपाल बैंकको व्यवस्थापनले सञ्चालन हुन नसक्ने अवस्थामा छोड्यो । तर पनि सर्वोच्च अदालतको आदेशले हालसम्म संरचना अर्थात् सम्पत्ति भने बँचेकै छ । यो एउटा उदाहरण मात्रै हो, राज्यले यस्तो कुरामा सरकारले पर्यटन व्यवसायमाथि न्याय गर्र्न सक्नुपर्छ । अन्यथा अर्थतन्त्रको नारा केवल नारामा मात्र सीमित हुन जानेछ ।


नेपालको पर्यटन व्यवसायमा आन्तरिक र बाह्यपर्यटक दुवैको धेरै महत्व रहेको छ । नेपालको विभिन्न पर्यटकीय स्थललाई विश्वसामु चिनाउन आन्तरिक र बाह्य पर्यटकको उत्तिकै महत्व रहेको छ । त्यस्तै, अहिले साहसिक खेलहरू बन्जीजम्प, राफ्टिङ, साइक्लिङ, रक क्लाइम्बिङजस्ता खेलहरूले पनि नेपालको पर्यटनको विकास र प्रवर्द्धनमा सहयोग पुगेको छ । पर्यटकको लागि नयाँनयाँ गन्तव्यको खोजी गरी पर्यटन क्षेत्रलाई ब्यापक बनाउन सकिन्छ र यसका लागि निजी क्षेत्रलगायत विभिन्न संघसंस्थाले पनि पर्यटनको विकास, विस्तार र प्रबर्द्धनमा व्यापार र विस्तृतरूपमा कार्य गरिरहेको छ । जब पर्यटन उद्योगको विकास हुन्छ तब यसले पनि आर्थिक क्षेत्रलाई पनि चलायमान बनाउन मद्धत गर्दछ । त्यति मात्र नभएर विदेशी मुद्रा आर्जनको सबैभन्दा स्थिर र निरन्तरताको स्रोत हो । यसले पनि देशको विदेशी मुद्राको सञ्चितिमा पनि महत्वपूर्ण योगदान पुगेको पाइन्छ । यसले राष्ट्रिय अर्थतन्त्रमा योगदान रहेका छ भन्ने कुरा प्रष्ट रहेको छ । आन्तरिक र बाह्य पर्यटनको लागि नयाँनयाँ गन्तव्य, नयाँनयाँ साहसिक खेलले पनि पर्यटन व्यवसायलाई आकर्षित गर्छ । त्यति मात्रै नभएर यस आर्थिक वर्षमा मात्रै करिब १९/२० अर्ब लगानी होटल तथा रिर्सोटमा लगानी थपिएको छ । मुलुकमा धेरै मात्रामा होटल तथा रिर्सोट, रेस्टुरेन्ट खुलेका छन् र खुल्ने क्रम जारी छ । पहिलाजस्तो सीमित स्थानमा मात्र पर्यटन तथा होटल व्यवसाय सञ्चालन थियो भने अहिले यसले व्यापकरूप लिएको छ । नेपालको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणले पनि नेपालमा पर्यटन क्षेत्रमा बढोत्तरीको संकेत गरेको पाइन्छ । विश्वभर फैलिएको कोभिड–१९ को महामारीले धेरै हदसम्म विश्व अर्थतन्त्रलाई नै तहसनहस बनाएको बेलामा पर्यटन उद्योगलाई त झनै नराम्रोसँग थलापारेको अवस्था रहेको थियो र अहिले यस पर्यटन उद्योगमा सुधार आइरहेको छ । यो सकारात्मक पक्ष हो ।

नेपाल सरकार अर्थमन्त्रालयले यसपटकको बजेटमा पनि पर्यटनको उच्च सम्भावना बोकेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्व बोकेका स्थानहरूजस्तै सिन्धुलीगढी, खोटाङको हलेसी महादेव, पाथिभरा, देवघाटलगायतको ठाउँहरूको प्रबर्द्धन र पूर्वाधारको विकास गर्न करिब दुई अर्ब तीन करोड बजेटको विनियोजनसमेत गरेको छ । यसले समेत के दर्शाउँछ भने नेपाल सरकारसमेत पर्यटन विकास र प्रवर्द्धन गर्न तल्लीन रहेको छ । तर कतिपय अवस्थामा पर्यटन उद्योगी, व्यवसायीले राज्यबाट प्राप्तगर्ने सेवा सुविधा, अनुदानमा धेरै कमी कमजोरी रहेको छ । जसले गर्दा कतिपय अवस्थामा पर्यटन व्यवसायी उदासीन भएको देखिन्छ ।

पर्यटन उद्योग आर्थिक विकासको निर्विकल्प स्रोत हो । यो अभिन्न स्रोत पनि हो । तर दुर्भाग्य के हुन पुग्यो भने २०४६ सालयताको राजनीतिक घटनाक्रमले देश सधैँ राजनीतिक खिचातानी र पदीय झगडामा दलदलबीच र दलभित्रै आन्तरिकबीचमा झैझगडा र तानातानमा रूमालियो । अर्थात् मुलुक राजनीतिक दलदलमा फस्यो । मुलुकमा विकास नभएको हुँदै होइन, खानेले खाएकै छन्, मानिसले कमाएकै छन्, जन्माउनेले जन्माएकै छन्, पद पाउनेले पाएकै छन् । तर जुन ढङ्गले देशको आर्थिक स्थायित्व हुनुपर्ने हो जुन तरिकाले प्राकृतिक स्रोत र साधनको प्रयोग, विकास, विस्तार र प्रसारण गर्नुपर्ने थियो । त्योचाहिँ हुन सकेन । अरू विकासभन्दा पर्यटन उद्योगको विकास फरक ढङ्गले हुनुपर्थ्यो र भएको कारण पनि नेपालको भौगोलिक सुन्दरताले भरिएको देशप्रति राजनीतक दल र नेपाल सरकारको ध्यान जानु जरूरी थियो ।

पर्यटन उद्योगलाई उदाहरण लिएर हेर्ने हो भने निष्कर्षमा के पुग्न सकिन्छ भने नेपाली नागरिक अर्थात् नेपाली जनता, नेपाली समाजको दुर्भाग्य हो । यसरी भन्नुपर्दा लाजमर्दो हुन्छ । तर सबैमा जगजायरै छ । पर्यटनसँग सम्बन्धित ऐन, कानुन र नियमले समेत ननस्टार तथा मझौला किसिमको होटल तथा पर्यटन व्यवसायीलाई त काहीँकतैबाट पनि सर्पोट र सम्बोधन हुन सकेको छैन । तसर्थ ऐन, कानुन, नियम, निर्देशिकालाई संशोधन गरेर भएता पनि ननस्टार तथा मझौला किसिमको होटल तथा पर्यटन व्यवसायीमैत्री र पर्यटन व्यावसायलाई प्रोत्साहन गर्नुपर्छ । अन्यथा यी र यस्ता प्रकारका व्यवसायी पलायन हुने अवस्था देखिन्छ । त्यसको केही ज्वलन्त उदाहरण नेपाली युवाहरू, युथ ब्लड आज अर्काको मुलुकमा अर्थात् विदेशी भूमिमा तल्लोस्तरको श्रमिकको रूपमा काम गर्न बाध्य भएका छन् । त्यो युवा जमातलाई हामीले नेपालको प्राकृतिक स्रोत र साधन, सौन्दर्यलाई विश्वको नागरिक आर्कषित गर्ने र देखाउने, घुमाउने र पर्यटन उद्योगको विकास गर्ने गर्नुपर्छ । तर यी कुरामा राज्यले न त नीति बनायो न त योजना नै बनायो । नीति योजनाको साथ नागरिकलाई अगाडि हिँड्न र बढ्न बाटो देखायो । राज्य, सरकार, राज्यको नेतृत्वले यो नगर्नु भनेको मुलुक, मुलुकवासी, आमनागरिक पर्यटन उद्योगको लागि दुर्भाग्य हो ।

# आउँ पर्नुको कारण र उपचार



लगातार पाँच दिनसम्म चिप्लो र गत मिसिएको दिसा आउनुलाई आउँ अर्थात् रगतमासी भनिन्छ । आउँ ब्याक्टेरियाका कारणले हुन्छ । यसलाई अंग्रेजीमा डिसेन्ट्री (रगतमासी) भनिन्छ । यो रोग ब्याक्टेरिया, भाइरस, प्रोटोजोवा कारणले हुने गर्छ । खासगरी शिगेला, साल्मोनेला, कम्पाइलोब्याक्टर, इ-कोली जस्ता व्याक्टेरियाका कारण हुन्छ ।

रोगप्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिमा यस्तो समस्या साइटोमेगालो भाइरसको कारणले हुने गर्छ । तर प्रायः एन्टामोइबा हिस्टोलाइटिका नामक प्रोटोजोवाको कारणले गर्दा पनि लाग्छ । सरसफाइकक्ष कमी, राम्रोसँग नपाइएका प्रदूषित खानेकुरा, दूषित पानी, स्विमिङ गर्दा पानी पिएमा, बासी, सडेगलेका तथा झिंगा भन्किएका खाना सेवन गर्दा संक्रमण हुन्छ ।

## लक्षण

यो रोगबाट संक्रमित भएपछि दिसामा रगत देखा पर्ने, ज्वरो आउने, टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, दिसा गर्ने बेलामा पूरै दिसा ननिस्किएको जस्तो महसुस हुने, तौल घट्ने लक्षण देखिन्छन् ।

## उपचार

दिसाको रूटिन, कल्चर र टक्सिनको जाँच गरेर संक्रमण गर्ने जीवाणु पत्ता लगाई उपचार गर्न सकिन्छ । शंका लागेमा चिकित्सकको परामर्श अनुसार एन्टिबायोटिक लिन सकिन्छ । साथै लक्षणअनुसारको जलवियोजन रोक्न ओरल रिहाइड्रेसन सोलुसन (जीवन जल) तथा पेट दुखाइ रोक्ने औषधि, झोलिलो खानेकुरा खानुपर्छ । तर पखाला रोक्ने एन्टिमोटीलिटी औषधि प्रयोग गर्दा समस्या बढ्न सक्छ ।

## जोखिम

रोगको समयमा उपचार हुन नसकेमा जलवियोजन हुने, जोर्नी सुन्निने-दुख्ने, मिर्गौलामा समस्या हुने, स्नायु प्रणालीमा असर गर्न सक्छ । जसकारण होस हराउने, मिर्गी जस्ता जटिल समस्या पनि देखा पर्न सक्छन् । कलेजोमा तथा अन्य अंगमा पिप जम्ने जोखिम हुन्छ । यसको लागि एन्टिप्रोटोजोएल औषधि प्रयोग गर्न सकिन्छ ।

## रोकथाम

यस रोगबाट बच्न व्यक्तिगत र वातावरणीय सरसफाइमा ध्यान पुर्‍याउने, सागसब्जी, फलफूल खानुअघि राम्ररी सफा गरेर पखालेर सेवन गर्ने, दिसा गएपछि, खाना खानु वा बनाउनुअघि राम्ररी साबुन पानीले हात धुने, घर वा बाहिर हुँदा प्रशोधित र उमालेको पानी पिउने उपाय अपनाउन सकिन्छ ।

# मासुको विकल्पका खानपान



पाहुना आउँदा होस् वा भोजभतेरमा, मासु पाक्ने गर्छ । जिब्रोको स्वाद फेर्नु परेमा हामी मासु नै पकाउने गर्छौं । किनभने हामीलाई मासु मीठो लाग्छ । मान्छेले मासुलाई आफ्नो भोजन बनाउनुमा स्वाद नै मुख्य कारण हो ।

यद्यपि मासुमा त्यस्तो पोषक तत्व हुन्छ, जुन शरीरका लागि अति जरूरी मानिन्छ । खासमा मासु प्रोटिनको स्रोत हो ।

## के पाइन्छ मासुमा ?

मासुमा भिटामिन बी १२ पाइन्छ । जुन वनस्पतिजन्य खाद्यपदार्थमा पाइँदैन । कुनै-कुनैमा पाए पनि एकदम न्यून पाइन्छ । यसबाहेक आइरन, स्याच्युरेटेड फ्याट, भिटामिन बी, ए, के, मिनरल्स, पोटासियम, फोस्फोरस, जिंक, म्याग्नेसियमलगायतका पौष्टिक तत्व पनि पाइन्छ । जुन स्वास्थ्यको लागि अतिआवश्यक हुन्छ । प्रोटिनले शरिरको उर्जा, लचिलोपना, तन्दुरूस्त र शरीरको रक्तकोषिकालाई सक्रिय बनाउन मद्दत गर्छ ।

मान्छेले आदिमकालमा मासुले छाक टार्ने गरेको इतिहास छ । तर कृषियुग हुँदै आजसम्म आइपुग्दा मान्छेसँग खानेकुराको ठूलो भण्डार नै निर्माण भइसकेको छ । अहिले फलफूल, सागसब्जी, अन्नलगायत खानेकुराका पर्याप्त स्रोत छन् ।

यही कारण पनि मान्छेले मासुको मात्रा घटाउँदैछ । कतिले चटक्कै मासु छाडेका छन् भने कतिले जन्मजात मासु खाएका छैनन् । रोगको कारण वा स्वास्थ्यप्रति सचेतनाको कारण पनि धेरैले मासु छाडेका छन् ।

## मासु नखाँदा के हुन्छ ?

मासु नखाँदैमा शरीरलाई खासै त्यस्तो नराम्रो केही पनि गर्दैन । शाकाहारी खानेकुरा मात्र खाने मानिसलाई शरीरमा भिटामिन बी १२ को कमी भने हुन सक्छ । त्यस्तै भिगन डाइट जसमा माछामासु, अण्डासँगै दूध, दही पनि खाँदैन भने त्यस्ता मानिसमा भिटामिन बी १२ को साथै आइरनको कमी देखिन सक्छ । तर शाकाहारी भए पनि नियमित दूध, दही, गेडागुडी, दाल भात खाएमा शरीरमा प्रोटिनको कमी हुँदैन । तर भिटामिन बी १२ को कमी भने हुन सक्छ । किनकि यो मासुजन्य खानाबाट मात्र पाइन्छ । यसको लागि सप्लिमेन्ट दिइन्छ ।

यसबाहेक मासु नखाँदाका फाइदा पनि छन् । जस्तै मुटुरोग, उच्च रक्तचाप, खराब कोलेस्टेरोल, कब्जियत, मोटोपन र क्यान्सरजस्ता रोगको जोखिम कम हुन्छ ।

## मासुको साटो के के खान सकिन्छ ?

मासु प्रोटिनको मुख्य स्रोत भए पनि यसको सट्टामा यी शाकाहारी खानाबाट शरीरमा प्रोटिनको आपूर्ति गर्न सकिन्छ ।

**पनिर, टोफु तथा दूधका परिकार :** पनिर, दही, चीज जस्ता दुग्धजन्य उत्पादनमा प्रोटिन भरपुर मात्रामा पाइन्छ । यसबाहेक भिटामिन बी १२, आइरन, मिनरल्स पाइन्छ । मासु नखानेले यी चीज खान सकिन्छ । अर्को टोफु जुन पनिर जस्तै हो । यो भटमासबाट बनाइन्छ । यसलाई सोया पनिर पनि भनिन्छ । कतिपयले पनिरको सट्टा टोफु पनि खान सक्छन् ।

**गेडागुडी :** टुसाएको गहुँ, चना, मुँग, दाल जस्ता उमारिएको गेडागुडीमा प्रोटिन भरपुर मात्रामा पाइन्छ । यसमा क्यालोरी कम हुने हुनाले सलादमा मिसाएर पनि खान सकिन्छ । यसबाहेक गेडागुडीलाई उमालेर वा पकाएर (फ्राइ, झोल बनाएर) दैनिक खानासँग खान सकिन्छ । जसमा राजमा, केराउ, चना मुंगको दाल लगायत छन् ।

**सोयाबिन :** सेतो वा कालो भटमास पनि खान सकिन्छ । भुटेर वा हरियो हुँदा उसिनेर खान सकिन्छ ।

**हरियो मटर :** यसमा अत्यधिक प्रोटिन पाइने हुँदा मासु नखाने मानिसका लागि हरियो मटर प्रोटिनको रूपमा लिइन्छ । यो जाडो मौसममा पाइन्छ । यसमा प्रोटिनबाहेक, एमिनो एसिड, कार्बोहाइड्रेट्स, भिटामिन ए र सी, क्याल्सियम र फस्फोरस पनि पाइन्छ । यसमा अत्यधिक प्रोटिन पाइने हुँदा मासु नखाने मानिसका लागि मटर प्रोटिनको रूपमा लिइन्छ ।

**च्याउ :** च्याउमा प्रोटिन पाइन्छ । यो पनि मासु नखानेको लागि शरीरमा प्रोटिनको पूर्ति गर्न मद्दत गर्ने तरकारी हो । याबाहेक च्याउमा फाइबर, प्रोटिन, भिटामिन सी, फोलेट, आइरन र जिंक पाइन्छ । त्यस्तै भिटामिन डी, थियामिन, रिबोफ्लेभिन, नियासिन, भिटामिन बी, प्यान्टोथेनिक एसिड, फस्फोरस, पोटासियम, कपर र सेलेनियम च्याउमा पाइन्छ ।

**अण्डा :** यदि मासु नखाने तर अण्डा खाने व्यक्तिलाई यो फाइदाजनक हुन्छ । यसमा पनि मासुमा जतिकै प्रोटिन हुन्छ । यसमा भिटामिन बी १२ आइरन र प्रोटिन पाइन्छ । यसलाई तेलमा पकाएर भन्दा पनि उसिनेर खाँदा अझ लाभदायक हुन्छ ।

**बदाम :** बदाममा प्रोटिन उच्च मात्रामा पाइन्छ । यो सफा पानीमा एकरात भिजाएर खाँदा स्वास्थ्यका लागि लाभदायक हुन्छ ।

**सातु :** चना केराउ जौ र मकैबाट भुटेर बनाइने सातुमा पनि प्रोटिन पाइन्छ । यसमा कार्बोहाइड्रेट, फाइबर, सूक्ष्म पोषक तत्व, आइरन, म्याग्नेसियम र सोडियम पाइन्छ । यो दूध वा तातो पानीमा घोलेर वा घिउमा भुटेर खान सकिन्छ । प्रायजसो यो बच्चालाई सातु खुवाउने चलन छ ।






# बागमती गाउँपालिकाको बजेट पारित




◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट पारित भएको छ । गाउँपालिकाको १० औं गाउँसभाको दोस्रो बैठकमा अध्यक्ष सर्केश घलानले प्रस्तुत गरेको आगामी आर्थिक वर्षका लागि ६८ करोड ३० लाख १० हजार रूपैयाँ बजेट पारित भएको हो ।

पालिकालाई संघीय वित्तीय समानीकरण अनुदान १० करोड ४३ लाख, संघीय सशर्त अनुदान २० करोड ८० लाख, समपुरक ८० लाख, सशर्त अनुदान पुँजिगत २ करोड २६ लाख, र प्रदेश सरकारको अनुदान सामनिकरण अनुदान १० करोड ३० लाख ९ हजार, सशर्त अनुदान चालू ३ करोड ८८ लाख ५४ हजार, सशर्त अनुदान पुँजिगत ४५ लाख, विशेष अनुदान ५० लाख, समपुरक अनुदान १ करोड, संघीय राजस्व बाँडफाँड ११ करोड ४६ लाख ४७ हजार, मालपोत कार्यालय (घरजग्गा रजिट्रेशन दस्तुर) ५० लाख, राजस्व बाँडफाड प्रदेशतर्फको २ करोड ८८ लाख ४५ हजार, बन रोयल्टी ५० लाख दहत्तर बहत्तरको बिक्रीबाट हुने आय ५ करोड ७० लाख, र जम्मा आन्तरिक आम्दानी ४ करोड ७५ गरेर जम्मा ६८ करोड ३० लाख १० हजार कुल बजेट प्रस्तुत भएको थियो ।

बागमती गाउँपालिकाले प्राप्त अनुदान बजेट ३९ करोड ५५ लाख ५६ हजार बाट आर्थिक विकासतर्फ ११.०१ प्रतिशत, सामाजिक विकासतर्फ २४.२७ प्रतिशत, पूर्वधार विकासतर्फ २८.१५ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३.५० प्रतिशत, र कार्य सन्चालन तथा प्रशासनिक क्षेत्र ३३.०६ प्रतिशत खर्च अनुमान गरिएको छ । पालिकाले प्रत्येक वडालाई प्रवर्द्धन गर्न प्रत्येक वडामा एक चिस्यान केन्द्र स्थापन गर्ने लक्ष्य राखिएको छ ।

कृषि र पशु ब्लकको रूपमा विकास गरी अनुदान र साझेदारीमा कृषि र पशुका कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइएको छ । बागमती गाउँपालिकाको समृद्धिको आधार कृषि र पूर्वाधार भन्ने नारा सहित बागमती गाउपालिकाले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर बजेट निर्माण गरेको देखिएको छ ।

# बसपार्क निर्माण शुरु नै नभई अख्तियारमा उजूरी

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकामा बसपार्क निर्माण सुरू नै नभई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा उजुरी परेको छ । बसपार्कको डीपीआर निर्माण भएर बजेट व्यवस्थापनको चरणमै रहेको अवस्थामा अख्तियारमा उजुरी परेको हो । अख्तियार मा सामान्यतयाः निश्चित कार्यमा खर्च भइसकेकोपछि वा काम जारी नै र हँदा कुनै अनियमितता देखिए उजुरी पर्ने गरेका छन् । तर, मनहरीमा आयोजना निर्माण सुरू नै नभई उजुरी परेको हो ।

मनहरी गाउँपालिका-८ बेलुवा क्षेत्रमा निर्माण गर्ने भनिएको बसपार्क र अन्य भौतिक पूर्वाधारहरू रोक्ने उद्देश्यले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको हो । मनहरी गाउँपालिकाले राजमार्गबाट दक्षिणतर्फ पर्ने बेलुवा बगर क्षेत्रमा ५ करोड रूपैयाँ लगानी गरेर बसपार्क, पेट्रोल पम्प, पाहुना घर, पार्कलगायतका संरचना निर्माण गर्नेगरी डीपीआर गरेको थियो । डीपीआरअनुसार योजना कार्यान्वयनका लागि मनहरी गाउँपालिका र ८ नम्बर वडा कार्यालयले बागमती प्रदेश सरकारसँग बजेट व्यवस्थापनका लागि माग गरेको थियो । तर, बजेटको व्यवस्था नहुँदै अख्तियार मा उजुरी हालेर मनहरी-८, स्थित नदीउकास जमिन क्षेत्रमा बसपार्क



सहितका संरचना बन्न नदिन षड्यन्त्र रचिएको ८ नम्बर वडाका वडाअध्यक्ष नारायण उप्रेतीले गुनासो गरे । वडाध्यक्ष उप्रेतीले गाउँको विकास निर्माणको काम रोक्न खोजेर व्यक्तिगत दुराशय ब्यक्त गर्दै अख्तियारमा उजुरी गरिएको आरोप लगाए । बेनामे उजुरी परेकाले एक दिन पर्दाफास हुने उनको दाबी छ । उजुरीमा बेलुवा क्षेत्रमा बसपार्क निर्माण गर्न नपर्ने व्यहोरा उल्लेख छ । पूर्व-पश्चिम राजमार्गको हेटौंडा र भरतपुरमा बसपार्क रहेकाले मनहरीमा बसपार्क बनाउन उपयुक्त नरहेको उजुरीमा भनिएको छ । नदीको उकास जमिन भएकाले सुरक्षित नरहेको र विकास बजेट दुरूपयोग हुने निश्चित जस्तै भएकाले बजेट बिनियोजन गर्न नहुनेतर्फ बागमती प्रदेश सरकारलाई सचेत पार्नुपर्ने तर्क उजुरीमा गरिएको छ ।

उजुरीमा बसपार्क निर्माणको बहनामा मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेती र ८ नम्बर वडाध्यक्ष उप्रेतीले आफ्नो बालुवा तथा क्रसर उद्योगहरूको सञ्चालनका लागि सरकारी बजेट पार्न खोजिएको आरोप लगाइएको छ । अख्तियारले उजुरीका सम्बन्धमा के कसो भएको हो ? भनी मनहरी गाउँपालिकासँग जवाफ माग गरिसकेको छ । हाल नदीउकास भनिएको जग्गा तत्कालीन सरकारले २०५० सालको बाढीबाट क्षतिग्रस्त भएपछि मुआब्जा दिएको जग्गा हो । यो क्षेत्रमा जग्गाको मुआब्जा लिन बाँकी जग्गाधनीहरू अझै छन् । पर्सा वन्यजन्तु आर क्षको मध्यवर्ती क्षेत्रमा पर्ने खाली जग्गामा भूभागहरू अतिक्रमण हुने गरेको छ ।

# इन्द्रसरोवरको सुलिकोटका चन्द्रबहादुरको घरमा आगलागी

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ स्थित सुलिकोटमा एउटा घरमा आगलागी भएको छ । ३१ असार बेलुकी ५ बजेतिर विद्युत लाइन सर्ट भइ चन्द्र बहादुर वाइबाको घरमा आगलागी भएको हो । परिवारका सबै जना काममा गएको समयमा एक्कासी घरको छानोबाट धुवाँको मुस्लो देखेपछि आत्तिएर घर आइपुगेका चन्द्रबहादुर र छिमेकिहरूले निभाउने नसकिएको वाइबाले बताए ।
घरमा कोहि नभएको कारण मानविय क्षती नभए पनि घरमा भएको लत्ताकपडा ,खाद्यवस्तु, नगद, गरगहना केही निकाल्न नसकेको स्थानीय राजेश बाबू सापकोटाले बताए । उनका अनुसार विद्युत



वाइरिङ राम्रो नहुनु नै आगलागिको कारण हो । घरसम्म पुग्ने सडक ब्यवस्था नभएको र स्थानीय तहमा दमकल नभएको कारण आगलगी हुँदा समयमै आगो नियन्त्रण गर्न नसकिने सापकोटाले बताए ।
आगलागि बाट करिब १६ लाख भन्दा बढी क्षती भएको अनुमान गरिएको छ ।

# मकवानपुरगढी गाउँपालिकाको ७२ करोड ६५ लाख ५६ बजेट पारित

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ का लागि ल्याइएको अनुमानित बजेट २७ असारमा सर्वसम्मत पारित भएको छ । गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रीनले नवौं गाउँसभाको दोस्रो बैठकमा ७२ करोड ६५ लाख ५६ हजारको बजेट प्रस्तुत गरेकी हुन् ।

गत असार १० गते वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुतको क्रममा ६२ करोड २ लाख ५६ हजारको अनुमानित बजेट प्रस्तुत गरेकी थिइन् । अहिले १० करोड बजेट बढेर ल्याइएको छ । उनले सभामा विषयगत शाखा सहितका विभिन्न शीर्षकको बजेट प्रस्तुत गरेकी थिइन् । गाउँपालिका स्तरीय चालु खर्चको कार्यक्रमलाई ८ करोड ८९ लाख ८८ हजारको वजेट पेश गरेकी थिइन् । जसमा कर्मचारी पारिश्रमिक सहितका विभिन्न कार्यक्रम तथा योजनाहरू रहेका छन् । गाउँपालिकाबाट हुने लक्षित वर्गको कार्यक्रम अन्तरगत दलित लक्षितमा १० लाख, जनजाति लक्षितमा १० लाख, अपाङ्ग लक्षित कार्यक्रमलाई ८ लाख, महिला लक्षितमा ९ लाख, बालबालिकामा १० लाख युवा लक्षित कार्यक्रममा ६ लाख, कार्यपालिका सदस्य लक्षित कार्यक्रमलाई १५ लाख बजेट विनियोजन गरिएको छ । त्यस्तै, गाउँपालिकामा रहेका विभिन्न विषयगत शाखाहरूलाई पनि बजेट विनियोजन गरिएको छ ।

महिला तथा बालबालिका शाखालाई १० लाख, स्वास्थ्य शाखालाई ८० लाख, पशु शाखालाई ८० लाख ,कृषि विकास शाखालाई ६० लाख, , शिक्षा शाखालाई २ करोड, रूपैयाँ विनियोजन गरिएको छ । गाउँपालिकाले कार्यक्रम र परियोजना अनुसार नेपाल सरकारको शर्सत र विशेष अनुदानहरूको पनि बजेट प्रस्तुत गरिएको थियो । सभामा विनियोजन विधेयक २०८० गाउँपालिकाका प्रवक्ता एंव वडा ५ का वडा अध्यक्ष दिपेश दहालले प्रस्तुत गरेका थिए । उनले ७२ करोड ६५ लाख ५६ हजार अनुमानित आय प्रस्तुत गरेका छन् । आन्तरिक स्रोतबाट ११ करोड ६३ लाख हुने, सम्पती बहाल तथा पट्टामा लाग्ने कर ५ लाख, भूमिकर १२ लाख, घरबहाल कर ५ लाख हुने अनुमान रहेको बताए । उनले व्ययतर्फ आर्थिक विकास समितिमा ४करोड ८ लाख, पूर्वाधार विकास समितिमा २९ करोड २४ लाख ३८ हजार, संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा ५५ लाख ९४ हजार, सामाजिक विकास समितिमा २८ करोड ५३ लाख, ३९ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापनमा ८७ लाख १७ हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा ९ करोड ६५ लाख रहेको बताए । उनले चालु खर्च तर्फ ३४ करोड ९४ लाख ७३ हजार ४३६ रूपैयाँ र पुर्जीगत खर्च तर्फ ३७ करोड ७० लाख ८२ हजार ५६५ रूपैयाँ रहेको बताएका थिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहाको नयाँ जग्गा मूल्याङ्कन: थानाबजार-बसपार्क खण्ड सबैभन्दा महंगो

◆ विकास संवाददाता

मालपोत कार्यालय शिखरकोट मकवानपुरको कार्यक्षेत्रमा पर्ने जग्गाहरूको घर जग्गा हस्तान्तारण प्रयोजनका लागि नयाँ मूल्याङ्कन दररेट निर्धारण सार्वजनिक गरिएको छ । नयाँ दररेट अनुसार आ.व. २०८०/०८१ का लागि १ साउनदेखि लागू हुनेछ । प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सैँढाइको अध्यक्षमा २६ असारमा बसेको न्यूनतम मूल्य निर्धारण समितिको बैठकले यो निर्णय गरेको हो ।

नयाँ दररेट अनुसार त्रिभुवन राजपथको थानाबजारदेखि नयाँ बसपार्कसम्मको जग्गाको दर सबैभन्दा महंगो अर्थात प्रति रोपनी २७ लाख मूल्य निर्धारण गरिएको छ । यसैगरी साविक पालुङतर्फ त्रिभुवन राजपथमाप्रति रोपनी २० लाख, पक्की मोटर बाटो १५ लाख, इन्द्रायणी चौर-पाण्डुकेश्वर जाने बाटो ११ लाख, फुलपाती चौर-पाण्डुकेश्वर मन्दिरसम्म १३ लाख ५० हजार, फुलपाती चौरदेखि फाँटबजारसम्म १६ लाख ५० हजार, ओखरबजार-झुम्केश्वरी सडक ११ लाख, देउला वस्ती-चाक्चाबजार मोटरबाटो १३ लाख ५० हजार, भुङ्दल मोटरबाटो ११ लाख, कच्ची बाटो (वडा कार्यालयको सिफारिस अनुसार बाटो कायम हुने) ८ लाख, गोरेटो बाटो ५ लाख, बाटो नभएको खेतीयोग्य धनहर ३ लाख र पाखो २ लाख ५० हजार रुपियाँ न्यूनतम मूल्याङ्कन गरिएको छ ।

यसैगरी, साविक शिखरकोट गाविसतर्फ त्रिभुवन राजपथको उद्योग वाणिज्य संघको भवनदेखि थानाबजार २४ लाख प्रति रोपनी, थानाबजारदेखि नयाँ बसपार्क सडक २७ लाख, दामनदेखि उद्योग वाणिज्य संघ भवनसम्म ११ लाख ५० हजार, शिखरकोट बजार देखि नगरपालिका र दोबाटोदेखि नगरपालिकासम्म १४ लाख ५० हजार, शिखरकोटदेखि रूप्से सडकसम्म ११ लाख, शिखरकोट-आग्रा-डाँडाबास सडक (१, २ र ९) १६ लाख ५० हजार, पालुङ पुलदेखि नगरपालिका सडक १३ लाख ५० हजार, पक्की मोटरबाटो १० लाख, कृष्ण मन्दिरदेखि गोपालीगाउँ सडक ११ लाख, गोपाली गाउँ-इन्द्रायणी चउर सडक १५ लाख, कार्की गाउँ एफएम सडक ११ लाख, पुच्छार टोल-क्याम्पाडाँडा सडक १३ लाख ५० हजार, कच्ची बाटो (वडा कार्यालयको सिफारिसमा बाटो कायम हुने) ८ लाख, गोरेटो बाटो ५ लाख, बाटो नभएको खेतीयोग्य धनहर ३ लाख ५० हजार र पाखो ३ लाख रुपियाँ कायम गरिएको छ ।

यसैगरी, साविक चित्लाङतर्फ बिसिङखेल-चन्द्रागिरी-टौखेल (वडा नं.१, २, ५, ९) १७ लाख, ९ नंम्बर वडा कार्यालयदेखि कुस्लेचौरसम्मको पक्की सडक मोटरबाटो १२ लाख, नारायणहिटी-चौकी/नारायणहिटीदेखि पुरानो दरबार २० लाख, नारायणहिटी याक्खुसी सडक १७ लाख, माझगाउँ-सातधारा सडक १७ लाख, कपुगाउँ सडक ११ लाख, खर्क सडक ११ लाख, कुस्लेचौर-मार्खु सडक १० लाख, चित्लाङ खलीवन सडक १० लाख, नौखण्डे-कुलेखानी सडक १२ लाख ५० हजार, कलौंटु सडक ११ लाख, सितापाइला कमेरी सडक ११ लाख, अम्पुडोल सडक ११ लाख, खरीडाँडा-ठूलोचौर सडक ११ लाख, महादेव मन्दिर सडक ११ लाख, रूपासीधारी जोखल सडक ११ लाख, मन्दिरबाट धाराचौर सडक ११ लाख, कच्चीबाटो (वडा कार्यालयको सिफारिस अनुसार बाटो कायम हुने) १० लाख, गोरेटो बाटो ५ लाख, बाटो नभएको खेतीयोग्य धनहर ३ लाख ५० हजार र पाखो बारी ३ लाख रुपियाँ कायम गरिएको छ ।

यसैगरी, साविक मेत्राङ टिष्टुङतर्फ भट्टेडाँडादेखि नौखण्डे सडक ११ लाख, देउरालीदेखि त्रिभवन राजपथ नौखण्डे ८ लाख, नौखण्डे देखि दामेचौर ६ लाख ५० हजार, साविक टिष्टुङबाट पाँच वडा गाभिएको देउराली ६ लाख ५० हजार, पक्की मोटरबाटो ५ लाख, कच्ची बाटो (वडा कार्यालयको सिफारिस अनुसार बाटो कायम हुने) ४ लाख ५० हजार, गोरेटो बाटो २ लाख ५० हजार, बाटो नभएको खेतीयोग्य धनहर १ लाख ५० हजार र पाखो बारी १ लाख ५० हजार कायम गरिएको छ ।

यसैगरी, साविक बज्रबाराहीतर्फ सरस्वती बजार पक्की २० लाख, सर स्वती बजार कच्ची १५ लाख, बाराही चौरबाट लिलाखेल जाने बलामी टोलसम्म ११ लाख, सरस्वती बजारबाट भट्वाल जाने अध्याय रिसोर्टसम्म १६ लाख, सर स्वती बजारबाट बगर जाने बगर बजार सम्म १६ लाख, कुन्छाल-बाराही चौर सडक १३ लाख ५० हजार, कुन्छाल-मार्खु सडक १३ लाख, पक्की मोटरबाटो १३ लाख, कच्ची बाटो (वडा कार्यालयको सिफारिस अनुसार बाटो कायम हुने) ३ लाख ३० हजार, गोरेटो बाटो २ लाख २० हजार, बाटो नभएको खेतीयोग्य धनहर १ लाख ६५ हजार र पाखो बारी १ लाख १० हजार रुपियाँ कायम गरिएको छ ।

यसैगरी, साविक फाखेल/चित्लाङ वडा नं. ६ र ७ चखेल(देउराली सडक (ख), साविक चित्लाङ ६, ७ र मार्खु २ मा ९ लाख, माहालक्ष्मी खोला-चखेल सडक ९ लाख, भिमफेदी कुलेखानी फाखेल सडक (१, २, ३, ४, ९) हुमाने सडक ९ लाख ५० हजार, पक्की मोटर बाटो ९ लाख, कच्ची बाटो ३ लाख ३० हजार, गोरेटो बाटो ३ लाख, बाटो नभएको खेतीयोग्य धनहर २ लाख २० हजार र पाखो २ लाख रुपियाँ कायम गरिएको छ । साबिक आग्रातर्फ, दामगाडे-महादेववेशी ६ लाख २५ हजार, डाँडाबास-गोगने-मोरिया आग्रा १, ५, ७ मा ५ लाख ५० हजार, दामगाडे-कागतीखोला ३ लाख ५० हजार, डाडाबास-डाडाखर्क (५ र ७) ३ लाख ३० हजार, पक्की मोटरबाटो ४ लाख ४० हजार, कच्ची मोटरबाटो (वडा कार्यालयको सिफारिस अनुसार बाटो कायम हुने) ३ लाख ३० हजार, गोरेटो बाटो २ लाख २० हजार, बाटो नभएको खेतियोग्य धनहर १ लाख ६५ हजार र पाखो बारी १ लाख १० हजार रुपियाँ कायम गरिएको छ ।

साविक सिस्नेरीतर्फ मदन भण्डारी मार्ग पक्की मोटरबाटो ११ लाख, पक्की मोटरबाटो ८ लाख, कच्ची मोटरबाटो ६ लाख, गोरेटो बाटो ३ लाख ३० हजार, बाटो नभएको खेतीयोग्य धनहर १ लाख ७५ हजार र पाखो बारी १ लाख ५० हजार रुपियाँ कायम गरिएको छ । साविक मार्खुतर्फ पक्की मोटरबाटो ५ लाख, मोटरबाटो ३ लाख, बाटो नभएको खेतीयोग्य धनहर २ लाख र पाखो बारी १ लाख ७५ हजार रुपियाँ कायम गरिएको छ ।

यसैगरी, साविक लामाचौर तर्फ पक्की मोटरबाटो ८ लाख, कच्ची मोटर बाटो ४ लाख ५० हजार, गोरेटो बाटो ३ लाख ५० हजार, बाटो नभएको खेतीयोग्य धनहर २ लाख र पाखो बारी १ लाख ५० हजार रुपियाँ कायम गरिएको छ । साविक टोडकेतर्फ चखेल-देउराली सडक/मदन भण्डारी मार्ग ८ लाख, पक्की मोटरबाटो ६ लाख, कच्ची बाटो ५ लाख, गोरेटो बाटो ३ लाख ५० हजार, बाटो नभएको धनहर २ लाख र पाखो बारी १ लाख ५० हजार रुपियाँ कायम गरिएको छ ।

यसैगरी, साविक डाँडाखर्कतर्फ पक्की मोटरबाटो ४ लाख ५० हजार, कच्चीबाटो २ लाख २० हजार, गोरेटोबाटो १ लाख ६० हजार, आवासीय क्षेत्र ४ लाख ५० हजार, बाटो नभएको खेतीयोग्य धनहर १ लाख १० हजार र पाखो बारी ९० हजार रुपियाँ कायम गरिएको छ । साविक गोगनेतर्फ पक्की मोटरबाटो ३ लाख ५० हजार, कच्चीबाटो २ लाख ५० हजार, गोरेटोबाटो १ लाख १० हजार, आवासीय क्षेत्र ४ लाख, बाटो नभएको खेतीयोग्य धनहर ९० हजार र पाखोबारी ७५ हजार रुपियाँ कायम गरिएको छ । समितिले आवासीय र कृषि क्षेत्रको बर्गीकरण हुन बाँकी रहेका पालिकाहरूमा पछि बर्गीकरण भएमा पक्की बाटो सरहको मूल्याङ्कन कायम गरिने पनि जनाएको छ ।

# थाहानगरमा एच.आइ.भि. सम्बन्धी अन्तरक्रिया

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकामा एच.आइ.भि.सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम भएको छ । २६ असारमा थाहा नगरपालिका कार्यालयमा पालिकाका जनप्रतिनिधिहरूको उपस्थितीमा कार्यक्रम भएको हो । कार्यक्रममा थाहा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, सेभ द चिल्ड्रेन बागमती प्रदेशका वरिष्ठ कार्यक्रम संयोजक राजेश साह, स्वास्थ्य कार्यालय हेटौँडाका जनस्वास्थ्य निरीक्षक ठाकुर पौडेलले सहजीकरण गरेका थिए ।

स्वास्थ्य निर्देशनालय हेटौँडाले थाहा नगरपालिकामा आयोजना गरेको एच.आइ.भि.संग सम्बन्धित लाल्छना र भेदभाव सम्बन्धि जनप्रतिनिधिहरूसंग अन्तरक्रिया कार्यक्रममा एचआइभीको बारेमा प्रयाप्त जनचेतना नहुँदा संक्रमितहरू खुलेर उपचारमा आउन नसकेको केन्द्रका क्षयरोग तथा एचआइ. भि. फोकल पर्सन जितेन्द्र कुमार कर्णले जानकारी दिए । नेपालमा एचआएभी संक्रमितको उपचार र औषधिमा निकै प्रगति भएको भए पनि अझै ठूलो संख्यामा संक्रमित खुलेर नहाउँदा थप समस्या भएको कर्णको भनाइ रहेको थियो ।

मकवानपुर पोजेटिभ समूह हेटौँडाकी कोषाध्यक्ष सावित्री लामिछानेले उपचारमा आएका संक्रमितहरूलाई निरन्तरता दिएर राख्न सकिएको भए पनि समाजको स्टिग्माको कारण केही संक्रमित उपचारमा नआउँदा त्यसले एड्स नियन्त्रण गर्ने लक्ष्यमा पुग्न चुनौती रहेको बताउदै समाजमा ब्याप्त जनचेतनाको कमिले एचआइभी संक्रमितलाई खुल्न गारो हुँदा उपचारमा समस्या रहेको बताइन् । उनले थपिन-'अझ पुरुषलाई भन्दा महिलालाई खुल्न झन गाह्रो छ ।'

नेपाल सरकारले सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्य लिएको छ । त्यसका लागि तीनवटा क्षेत्रमा ९५ प्रतिशत परिणाम ल्याउनुपर्ने छ । पहिलो ९५ प्रतिशत एचआइभी संक्रमितले आफनो संक्रमण अवस्थाबारे थाहा पाउनुपर्ने दोस्रोमा ९५ प्रतिशतमा उपचारको पहुँच हुनुपर्ने र तेस्रोमा औषधि खानेमा ९५ प्रतिशतको शरीरमा भाइरसको भार न्यून भएको हुनुपर्नेछ । नेपालमा पहिलो पटक एचआइभी संक्रमित पत्ता लागेकै ३६ वर्ष पुगिसकेको छ ।

# पाँच वडा रहेको इन्द्रसरोवरको गाउँसभा ३ वडाले बहिष्कार गरे

◆ विकास संवाददाता



इन्द्रसरोवर गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि ल्याएको बजेट वडाबाट बहिस्कार भएको छ ।

गाउँपालिकाको वडा नम्बर १, २ र ५ का वडाध्यक्षहरूले बजेट बहिस्कार गरेका हुन् । एमालेको अध्यक्ष र उपाध्यक्ष रहेको इन्द्रसरोवरमा कांग्रेसका वडाध्यक्ष तथा वडासदस्यहरूले बजेट बहिस्कार गरेका हुन् ।

१ र ५ का वडा अध्यक्षहरूले विज्ञप्ति निकाल्दै बजेट बहिस्कार गरेको बताएका छन् । वडा नम्बर १ का अध्यक्ष सुवास थापा मगरका अनुसार वडाले दिएको कार्यक्रमहरूलाई सम्बोधन नगरिएको र एकलौटी ढंगले अध्यक्षले बजेट बनाएको आरोप छ । गाउँ पालिकाको १२ औँ सभामा वडा नं। १ को वडा बासीको हितका लागि,प्रयोग मैत्री संरचना, स्वास्थ्य शिक्षा, पर्यटन र कृषि समतामुलक विकास इन्द्रसरोवरको समृद्धि भन्ने नारा लाई सम्बोधन नगरेको भन्दै वडाध्यक्ष मगरले चिन्ता व्यक्त गरेका छन् । उनका अनुसार श्रोत सुनिश्चत नगराई बजेट तयार गरिएको छ ।

त्यसै गरी वडा नम्बर ५ का वडाध्यक्ष दुत राज तितुङले गाउँ पालिकाले हाल्ने योजनाहरू र वडाले हाल्ने योजनाहरू सभामा प्रस्तुत हुनु अगावै छलफल गरि टुङ्ग्याउनु पर्नेमा पालिका टिम एकलौटी रूपमा अगाडि बढ्न खोज्दा महत्वपूर्ण बिषय शीर्षकहरू छुटेको बताए । वडासँग समन्वय नगरी बजेट बनाइएकोले आफूहरू त्यो बजेट स्वीकार गर्न सक्ने स्थितीमा नरहेको उनले बताए । 'एकलौटी ढंगले बजेट ल्याउने प्रवृत्तिमा सुधार गराउनको लागि सचेत गराउन बजेट बहिस्कार गरेका हौं,' वडाध्यक्ष तितुङले भने ।






समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८० साउन ०१ गते सोमबार, 17 July, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# लम्पी स्किन नियन्त्रणमा पालिकाहरु प्रयासरत

◆ विकास संवाददाता

मकवानपुरमा लम्पी स्किन नियन्त्रण गर्न पालिकाहरूले प्रयास थालेका छन् । पर्याप्त प्राविधिक जनशक्ति नहुँदा समस्या पनि छ । तर, मकवानपुरका गोठगोठमा पशु बिरामी परेपछी किसान चिन्तित छन् । दूध उत्पादन पनि घटेको छ । धेरै पशु मरेका पनि छन् । मकवानपुरका दश वटै पालिकामा महामारीका रूपमा लम्पी स्किन रोग देखा परेको छ ।

मकवानपुरगढी गाउँपालिकामा भने लम्पी स्किन रोग नियन्त्रणमा आउन थालेको छ । गढी गाउँपालिकाले आफ्ना विभिन्न वडा मार्फत लम्पी स्किन रोग लागेका पशुमा ३५ डोज भ्याक्सीन लगाएको गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानले बताए । गढी गाउँपालिका र पशुसेवा विज्ञ केन्द्र मकवानपुर मार्फत खरिद गरिएको भ्याक्सीन लगाएपछी धेरै जसो पशुमा लागेको यो रोग नियन्त्रणमा आएको उनले बताए ।

मकवानपुरका १० वटै स्थानीय तहमा लम्पी स्किन फैलिएपछि पशुपालक किसान समस्यामा परेका छन् । यो रोगकै कारण दूध उत्पादन निकै घटेको किसानहरूको गुनासो छ । लम्पी स्किन रोगले गाईवस्तु मर्न थालेपछि यहाँका बिभीन्न स्थानीय तहहरूले लम्पी स्किन रोगविरूद्ध भ्याक्सिन लगाइदिएका छन् । मकवानपुरका दश वटै स्थानीय तहमा लम्पी स्किन रोगकै कारण धेरै पशुको मृत्यु समेत भएको छ । केही महिना अगाडी देखिनै यो रोगको समस्याका कारण यहाँका किसानले गाइ, भैसी पालनमा समस्या भएको भन्दै चिन्ता व्यक्त गरेका छन् । बिशेषगरी हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिका, मकवानपुर गढी गाउँपालिका, भीमफेदी गाउँपालिका, बकैयाँ गाउँपालिका, बागमती गाउँपालिका, मनहरी गाउँपालिकाका किसानहरू लम्पी स्किन रोगका कारण चिन्तित बनेका हुन् । यहाँ सुरूवाती चरणमा लम्पी स्किन रोगका लागि खोपको मान्यता थिएन । खोपको स्वीकृति पाएसँगै पालिकाहरूले खोप खरिद गरेर पशुमा लगाएका हुन् ।

लम्पी स्किन रोग तीव्र गतिमा फैलिन थालेको र यसको उपचार पद्धति महँगो हुँदा पशुपालक किसानलाई उपचारमा व्यापक आर्थिक भार पर्ने भएकाले पालिकाहरूले खोप खरिद गरी निःशुल्क रूपमा उपचार गरेका हुन् ।

# एसइईमा उत्कृष्ट नजिजा ल्याउने विद्यार्थीलाई पुरस्कार

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बरं ३ का वडाअध्यक्ष अनन्त प्रकाश अर्यालले एसईईमा उत्कृष्ट नतिजा ल्याउने ३ जना विद्यार्थीलाई पुरस्कार प्रदान गरेका छन् । उनले वडाअध्यक्ष भएवापत पाउने आफ्नो पारिश्रमिक वापतको एक महिनाको रकम उपहार स्वरूप विद्यार्थीहरूलाई प्रदान गरेका हुन् ।

महेन्द्र ज्योतीबाट सर्वोत्कृष्ट नतिजा ३.१० जिपिए प्राप्त गर्न सफल प्रिन्सा पौडेललाई नगद रू १० हजार सहित प्रमाण पत्र प्रदान गरिएको थियो । त्यसैगरी २.९ जिपिए प्राप्त गर्न सफल निकिता तिमल्सीना र स्वस्तीका बर्तौलालाई क्रमश ४/४ हजार नगदसहित सम्मान गरिएको थियो ।

आगामी दिनमा उत्कृष्ट नतिजा ल्याउनेहरूलाई थप प्रेरणा र हौसलाका साथ पठनपाठन यात्रा अघि बढोस् भन्ने अभिप्रायले आफ्नो एक महिनाको पारिश्रमिक उपहार दिइएको वडाअध्यक्ष अर्यालको भनाई छ ।

## चट्याङको समयमा सतर्क रहौं !

**चट्याङबाट बच्ने उपाय :**

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी